नेपाल सरकार
अर्थ मन्त्रालय

# प्रेस विज्ञप्ति

## भारत सरकारबाट निर्वाचन प्रयोजनका लागि नेपाल सरकारलाई २०० सवारी साधन हस्तान्तरण

आसन्न प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन प्रयोजनका लागि नेपाल सरकारको आग्रहमा भारत सरकारले २०० वटा सवारी साधन उपहार स्वरुप प्रदान गरेको छ । अर्थ मन्त्रालयमा आयोजित हस्तान्तरण समारोहमा माननीय अर्थ मन्त्री जनार्दन शर्मालाई भारत सरकारको तर्फबाट नेपालका लागि भारतीय महामहिम राजदुत श्री नवीन श्रीवास्तवले चावि हस्तान्तरण गर्नुभयो ।

समारोहमा मन्तब्य राख्रे क्रममा मन्त्री शर्माले नेपालको सामाजिक आर्थिक विकासमा भारत सरकारको निरन्तर साथ र सहयोग रहि आएको स्मरण गर्दै निर्वाचन प्रयोजनको लागि भारत सरकारबाट २०० वटा गाडि प्राप्त भएकोमा यसका लागि महामहिम राजदूत र भारतीय सरकारलाई विशेष धन्यवाद ब्यक्त गर्नुभयो ।प्राप्त सवारी साधन निर्वाचन आयोग, गृह मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरीले उपयोग गर्ने जानकारी गराउँदै नेपालको लागि महत्वपूर्ण विकास साझेदारको रुपमा रहेको भारतले भुकम्प पछिको उद्दार, पुनः निर्माण, मानव संशाधन विकास, पूर्वाधार विकास र COVID-१९ को कठिन समयमा पनि खोप, मेडिकल उपकरण, अक्सिजन लगायत अन्य स्वास्थ्य सामाग्रीहरुको निर्बाध आपूर्तिका लागि गरेको सहयोग प्रति आभार ब्यक्त गर्नुभयो । नेपालमा उत्पादित जलविद्युत भारतमा निर्यात गर्न अनुकुल वातावरण सिर्जना गर्न भारत सरकार तथा महामहिम राजदुतको योगदानको प्रशंसा गर्नुभयो ।

समारोहमा नेपालका लागि भारतीय महामहिम राजदूत श्री नवीन श्रीवास्तवले मन्तब्य राख्दै आगामी निर्वाचनको लागि नेपाल सरकारले व्यवस्थित गरिरहेको तयारीको लागि नेपाल सरकारलाई बधाई दिंदै भारत सरकारको यस सहयोगबाट निर्वाचनको तयारीमा थप मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । महामहिम राजदूतले आगामी चुनावको सफलताको कामना समेत गर्नुभयो । साथै, आज आयोजित यस कार्यक्रम नेपाल भारत बीचको सुमधुर सम्बन्धको प्रतिबिम्ब रहेको धारणा ब्यक्त गर्नुभयो ।

मितिः २०७९।०७।१५